# लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति
# २०७८

## लुङ्ग्री गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बडाचौर रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

गाउँ सभाबाट स्वीकृत मितिः २०७८/११/२३ गते

## विषय सूची

**परिच्छेद १. पृष्ठभूमि तथा बिद्यमान अवस्था र औचित्यता**

१.१. पृष्ठभूमि :

१.२. लुङ्ग्री गाउँपालिकाको संक्षिप्त परिचय

१. ३.. लुङ्ग्री गाउँपालिकाको वर्तमान स्थिति :

१.४. लैंससास नीतिको औचित्यता :

**परिच्छेद २ लैससासमैत्री शासन प्रणाली अवलम्वनका समस्या तथा चुनौती र अवसरहरु**

२.१. बिद्यमान प्रमुख समस्याहरु

२.२. बिद्यमान चुनौतीहरु

२.३. लैससासमैत्री शासन प्रणाली अवलम्वनका अवसरहरु

**परिच्छेद ३. लैससास नीतिको दिर्घकालिन सोंच तथा लक्ष्य र उद्देश्य**

३.१. लैससास नीतिको दिर्घकालीन सोच

३.२. लैससास नीतिको लक्ष्य

३.३. लैससास नीतिको प्रमुख उद्देश्यहरु

**परिच्छेद ४ लैससास सम्बन्धी प्रमुख नीति, रणनीति र कार्यनीति**

४.१. प्रमुख नीतिहरु

४.२. रणनीति तथा कार्यनीति

**परिच्छेद ५ लैससास नीति कार्यान्वयन पद्धती र अनुगमन प्रणाली**

५.१. लैससास नीतिको कार्यान्वयन पद्धती

- ५.१.१. लैससास नीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन
- ५.१.२. कार्य भूमिका निर्धारण
- ५.१.३. सस्थागत संयन्त्र र जनशक्तिको क्षमता विकास
- ५.१.४. सरोकारवाला बिच समन्वय तथा साझेदारी

५.२. अनुगमन प्रणाली

**परिच्छेद ६ नीति कार्यान्वयन सम्बन्धमा सम्भावित जोखिम तथा समाधानका उपायहरु**

**परिच्छेद ७ कानुनी व्यवस्था तथा पुनरावलोकन**

८.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

८.२. नीतिको पुनरावलोकन तथा सुधार

## संक्षिप्त शब्दावली र परिभाषा

**गा.पा.** : गाउँपालिका

**लैससास** : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

**CEDAW** : (Convention on the Elimination of All Forms of Discrimination Against Women) महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, सन् १९७९ को डिसेम्बर १८ मा संयुक्त राष्ट्रसंघ महासभाले पारित गरेको हो र नेपालले २२ अप्रिल १९९१ मा कुनै शर्त विना अनुमोदन गरेको छ ।

**CRC :** बाल अधिकार महासन्धी (Child Rights Convention) संयुक्त राष्ट्रसंघ महासभाबाट सन् १९८९ नोभेम्बर २० मा पारित र नेपालले १४ सेप्टेम्वर सन् १९९० मा अनुमोदन गरेको ।

**BPFA** बेइजिङ कार्ययोजना (Beijiing Platform of Action) सन १९९५ मा सम्पन्न बेइजिङ्ग सम्मेलनले महिला सरोकारका १२ वटा मूख्य विषयहरु छनोट गरेको थियो ।

**लैंङ्गिकता (Gender)** : कुनै पनि मानिस लिङ्गको आधारमा महिला वा पुरुष वा तेस्रो लिङ्गका कारण समाजद्वारा उनीहरुलाई दिइने बिभेदपुर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने बिभेदपुर्ण सामाजिक व्यवहार र उनीहरुलाई हेर्न असमान दृष्टिकोण हो ।

**लैंङ्गिक मूलप्रवाहीकरण** (Gender Mainstreaming) : गाउँपालिकाको बिद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति, कार्यक्रम, बजेट र सेवा प्रवाह तथा योजना तर्जुमाका हरेक चरणमा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरण हो ।

**लैङ्गिक समानता** (Gender Equality) **:समाज तथा राज्यको** सबै अङ्ग र तहमा महिला र पुरुष बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरण हुनु नै लैङ्गिक समानता हो ।

**सामाजिक समावेशीकारण** (Social Inclusion) : समाजमा पछाडी पारिएका लिङ्ग, वर्ग, जात, समुदाय लगायत वञ्चित वर्गलाई मूलप्रवाहमा ल्याउनको लागि देखापर्ने वाधा अवरोधहरूलाई हटाई उनीहरूलाई विकासका अवसरहरूमा प्रत्यक्ष सहभागी गराई सार्वजनिक सेवा, स्रोत, सुविधामा पहुँच बृद्धि गर्नु हो ।

**सामाजिक बञ्चितिकरण** (Social Exclusion) : लैंगिकता, जातजाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो ।

**लैंङ्गिक संवेदनशिल** (Gender Sensetive) : सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र तेसो लिङ्गिहरुका विशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनु हो ।

**लैंगिकमैत्री** (Gender Friendly) : समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा तेस्रो लिङ्गिहरुका विशेष आवश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण व्यवहार हो ।

# परिच्छेद १ : लैससास नीतिको पृष्ठभूमि तथा बिद्यमान अवस्था र औचित्यता

## १.१ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा लैंगिक समानता र सामाजिक समाबेशीकरण सुनिश्चित गर्ने संकल्प गरेको छ । त्यसैगरी संविधानमा उल्लेखित मौलिक हक अन्तर्गत धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा १८ मा समानताको हक, ३८ मा महिलाको हक, धारा ३९ मा बालवालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हक र धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ मा राज्यले गर्नुपर्ने दायित्वको ब्यवस्था गरेको छ । यसका साथै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, थारु आयोग, मधेशी आयोग, मुस्लिम आयोग जस्ता संवैधानिक आयोगहरुको व्यवस्था समेत गरी संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तलाई आत्मसाथ गरेको छ। साथै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, कार्यान्वयनमा ल्याइ स्थानीय सरकारहरुलाई स्वायत्त निकायको रुपमा कार्य गर्न अधिकार क्षेत्र निर्धारण गरेको छ ।

नेपाल सरकारबाट लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी बिभिन्न अन्तराष्ट्रिय सन्धी महासन्धीहरुको अनुमोदन गरी पक्ष राष्ट्र भएकोले राष्ट्रिय  कानुन बनाई लागु गर्न प्रतिबद्धता जनाएको छ । दिगो विकास लक्ष्य सन २०३० को लक्ष्य नं ५ ले लैंगिक समानताको बिषय उल्लेख गरेको छ भने लक्षय नं १६ ले दिगो बिकासको लागि शान्तिपुर्ण, समाबेशी समाजको प्रबर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने तथा सबै तहमा प्रभावकारी, जवाफदेही र समाबेशी संस्थाको स्थापना गर्ने बिषय उल्लेख गरेको छ। पन्ध्रौं योजना (२०७६/०७७-२०८०/२०८१) र राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ ले योजना देखि उपलब्धि सम्म लैङ्गिक समानता र समावेशी विषयलाई आन्तरिकीकरण गर्न सबै तहहरुमा कार्य गर्न व्यवस्था गरेको छ। त्यसैगरी  सन १९९५ को बेइजिङ घोषणापत्रमा १२ वटा महिलाका सरोकारका विषय उल्लेख गरिएको छ । महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी, १९७९ ले महिलाको मानव अधिकार सम्बन्धी ब्यबस्था गरेको छ । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नंवर १३२५ र १८२० ले सशस्त्र द्वन्द्ध वा युद्धको समयामा महिलामाथि हुने यौनजन्य हिंसाबिरुद्ध न्याय र शान्ति स्थापनामा महिलाको सहभागिताको बिषय ब्यबस्था गरेको छ । बाल अधिकार महासन्धी १९८९ ले बाल अधिकारका बिषयहरु उल्लेख गरेको छ । माथि उल्लेखित राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधानहरुले मार्गनिर्देश गरे बमोजिम नेपाल सरकारबाट राष्ट्रिय लैंगिक समानता नीति, २०७७ र सामाजिक समावेशीकरण नीति २०७८, जारी गरी लागु गरिएको छ । नेपाल सरकारबाट जारी गरिएका राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रतिबद्धताहरुको स्थानीयकरण गर्ने सन्दर्भमा लैससास मूलप्रवाहीकरणको माध्यमवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले “लुङ्ग्री गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८” तयार गरिएको छ ।

जनतासंग प्रत्यक्ष सम्बन्ध र सरोकार राख्दै लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित बितरण गरी लैंगिक समानता र सामाजिक समावेशीकरणमा आधारित समाज निर्माण, कानुनी राज्य, दिगो विकास र आर्थिक समृद्धिको अवधारणालाई स्थानीय तहदेखि नै सुदृढ गर्न स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहन्छ । लैससास नीतिमा लैंगिक समानता र सामाजिक समावेशीकरणमैत्री शासन ब्यबस्था अवलम्वन गर्न नीतिगत रुपमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ । लैससास नीतिको प्रभावकारी कार्यान्वयनबाट समाजमा व्याप्त लैङ्गिक बिभेद, जातीय बिभेद, लैंगिक हिंसा, घरेलु हिंसा, यौन दुरव्यवहार एवं यौन शोषण, सामाजिक उत्पिडन तथा बञ्चितीकरण, गरिवी, बाल हिंसा तथा बाल शोषण आदि विसंगती तथा हानीकारक गलत सामाजिक अभ्यासहरुलाई निरुत्साहित गरी लैससासमैत्री विकास प्रणालीलाई संस्थागत गर्न मार्ग निर्देश गर्ने अपेक्षा गरिएको छ ।

## १.२ लुङ्ग्री गाउँपालिकाको परिचय :

रोल्पा जिल्लाको १० वटा स्थानीय तहहरु मध्ये लुङ्ग्री गाउँपालिका एक हो । यो गाउँपालिका जिल्ला सदरमुकाम लिवाङ देखि ५१ कि.मी.उत्तर पूर्वी भागमा अवस्थित छ। लुङ्ग्री नदीको नामबाट नामाकरण गरिएको लुङ्ग्री गाउँपालिका सुनिलस्मृति गाउँपालिकाको सुलिचौर बजार देखि ६ कि.मी. उत्तर पूर्वमा अवस्थित छ । प्रशासनीक हिसावले ७ वटा वडामा विभाजित यो गाउँपालिका साविकका ५ वटा गाबिसहरु समेटेर बनेको छ । लुङ्ग्री गाउँपालिकाको केन्द्र साविकको वडाचौर गाबिसको किलाचौरमा रहेको छ। यो गाउँपालिकाको पूर्वमा नौबहिनी गाउँपालिका प्युठान, पश्चिममा सुनिलस्मृति गाउँपालिका र सुनछहरी गाउँपालिका, उत्तरमा सुनछहरि गाउँपालिका र दक्षिणमा सुनिलस्मृती गाउँपालिका र प्युठान नगरपालिका सँग सिमाना जोडिएको छ ।

लुङग्री गाउँपालिकाको जनसंख्याको आकडा हेर्दा राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार यस गाउँपालिकामा ५४८६  घरधुरी संख्या २६५३९ जनसंख्या रहेको छ। जसमध्ये महिलाको जनसंख्या १४१९१ (५३.४७ प्रतिशत) र पुरुषको जनसंख्या १२३४८ (४६.५३ प्रतिशत) रहेको छ । जातजातिगत हिसाबले हेर्दा मगर जतीको बाहुल्यता रहेको यस गाउँपालिकामा २०६८ को जनगणना अनुसार जनजातीको संख्या ८४.५ प्रतिशत, दलित १२.१ प्रतिशत, ब्राह्मण क्षेत्री ३.३ प्रतिशत र अन्य जाती ०.४ प्रतिशतको बसोबास रहेको छ । त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरुको संख्या २.५७ प्रतिशत छ। उमेर समूह अनुसार १९ बर्ष सम्मको बालबालिकाको जम्मा संख्या ४०.२ प्रतिशत छ।

समुन्द्र सतहबाट १३०० मिटर देखि २००० मिटर सम्मको उचाइमा रहेको यो गाउँपालिकाले १३५.२३ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ। यस गाउँपालिकाको केही भाग बेसी तथा उर्वर जमिन रहे पनि वडाका अधिकांस क्षेत्र दुर्गम एवं विकट बस्तीहरुले समेटिएको छ। यस गाउँपालिकाको कूल खेतीयोग्य जमिन मध्ये १० प्रतिशत जमिनमा मात्र सिंचाई सुविधा छ भने अन्य सबै जमिन आकासे पानीमा निर्भर छन् । यहाँको खाद्यान्न तथा प्रमुख अन्नवाली धान, गहु, मकै, कोदो, सिमी, मास, रहर फापर आदि हन् । आयआर्जनको लागि स्थानीय स्रोतहरुमा टिमुर, मौरीपालन जस्ता ब्यवसाय अत्यन्त सम्भावना युक्त मानिन्छ ।

### १.३. लुङ्ग्री गाउँपालिकाको वर्तमान स्थिति :

लुङ्ग्री गाउँपालिका आर्थिक तथा प्राकृतिक सम्पदाको हिसाबले प्रशस्त सम्भावना बोकेको गाउँपालिका भएपनि अपेक्षाकृत आर्थिक सामाजिक विकास हुन सकेको छैन । स्थानीय स्रोतको खोजी तथा ब्यवस्थापन र दक्ष जनशक्तिको विकास गरी लैंगिक समानता र सामाजिक समाबेशी क्षेत्रमा सकारात्मक परिवर्तन गर्नु पर्ने देखिन्छ । जनजाती र दलितको बाहुल्यता रहेको यस गाउँपालिकामा ती समुदायका अधिकांस ब्यक्तिहरु आर्थिक, सामाजिक तथा शैक्षिक हिसावले जिवनस्तरमा अपेक्षाकृत सुधार हुन सकेको देखिदैन । यस गाउँपालिकामा कृषि पेशा अंगाल्ने घरपरिवारको संख्या उच्च रहे पनि परम्परागत कृषि प्रणालीमा अपेक्षाकृत सुधार हुन नसकेकोले कृषिमा स्थानीय बासीन्दाहरुको उत्साहजनक आकर्षण भएको पाइदैन ।

त्यसैगरी लुङ्ग्री गाउँपालिकामा हाल ५ वटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य केन्द्र र ४ वटा सामुदायिक स्वास्थ्य इकाइ रहेको छ र जम्मा विद्यालयहरु २५ वटा आ.बि., ९ वटा मा.बि., २६ वटा बालविकास केन्द्र र १ वटा निजी बिद्यालयहरु हरेका छन् ।

यस गाउँपालिकाका बासिन्दाहरुको आम्दानीको मुख्य स्रोत कृषि भएपनि परम्परागत कृषि प्रणालीमा अपेक्षाकृत सुधार भएको छैन । कृषिबाट ६७.५ प्रतिशत आम्दानी हुन्छ भने बैदेशिक रोजगारीको आम्दानी दोस्रो स्थानमा पर्दछ । गरिवी र बेरोजगारीका कारण आयआर्जनको लागि कृषि बाहेक छिमेकी राज्य भारत रा बैदेशिक रोजगारीका लागि खाडी मुलुक जाने तर्फ आकर्षण बढेको देखिन्छ । सन २०१८ को सर्बे डाटा अनुसार बैदेशिक रोजगारीमा जाने तथ्यांक हेर्दा भारतमा ८४.९ प्रतिशत र खाडी मुलुकमा ८.८ प्रतिशत र अन्य मुलुकम ३ प्रतिशत गएको देखिन्छ । यो संख्याले गाउँपालिकामा बेरोजगारी र गरिवी रहेको यथार्थतालाई प्रष्ट पार्दछ । गाउँपालिकाकामा आम्दानी बढाउन र बैदेशिक रोजगारीमा जाने संख्या कम गरी जिविकोपार्जनमा सुधार ल्याउन स्थानीय स्रोतमा आधारीत रोजगार प्रबर्द्धन, जनसहभागितामा आधारीत योजना तर्जुमा र कृषिको आधुनिकिकरण गर्नु आबश्यक छ । लैंगिक हिसावले महिलाहरु घरधन्दा र पारिवारिक कृषिकार्यमा बढी केन्द्रीत रहेको पाइन्छ भने पुरुषहरु विभिन्न पेशामा आधारीत आयआर्जन तर्फ क्रियाशिल रहेको पाइन्छ । उक्त सर्बेको तथ्यांक अनुसार ३.७ प्रतिशत महिलाहरुको मात्र घरको स्वामित्व छ भने ९६.३ प्रतिश पुरुषहरुको घरको स्वामित्व रहनु भनेको आर्थिक नियन्त्रणको हिसावले महिलाहरु कमजोर हुनु हो ।

बाल बिबाहको अवस्था भयाबह छ भन्ने कुरामा गाउँपालिका जानकार भएपनि छुट्टै तथ्यांक अद्याबधीक गरिएको पाइदैन । गाउँपालिकाको सर्बे डाटा २०१८ अर्थात पार्श्वचित्रमा उल्लेख गरिए बमोजिम १८ बर्ष भन्दा कम उमेरमा बिबाह गर्ने संख्या ५७ प्रतिशत रहेको पाइन्छ । यो तथ्यांकले बाल बिबाह भयाबह र चुनौती पुर्ण छ भन्ने स्पष्ट पार्दछ । स्वास्थ्य संस्थामा गर्भवती जाँच गराउन आउने उमेर समूहको तथ्यांक हेर्दा २० बर्ष भन्दा कम उमेरमा गर्भ जाँच गराउन आउने संख्या तुलनात्मक रुपमा घट्दो क्रममा रहेता पनि बाल बिवाहको स्थिति भयावह नै छ।

समाजमा विद्यमान परम्परागत हानिकारक मुल्य मान्यता कायमै रहनुले लैंगिक विभेद, सामाजिक असमानता, जातीय बिभेद, लैंगिक हिंसा तथा घरेलु हिंसा जस्ता कुरीति र कुसंस्कारहरुले प्रश्रय पाइरहेको पाइन्छ । शिक्षा, स्वास्थ्य, रोजगारी र नेतृत्व वहन जस्ता आर्थिक, सामाजिक र राजनैतिक

अवसरहरुमा महिला, दलित तथा पछाडी पारिएका वर्ग समुदाय र व्यक्तिले समान वा न्यायिक पहुँच हुन सकेको देखिदैन । सुशासन आधारित समाज निर्माणका लागि लैंगिक समानता र न्यायिक बितरण प्रणालीको विकास अत्यन्त जरुरी मानिन्छ ।

### १.४. लैससास नीतिको औचित्यता :

नेपालको संविधानमा व्यवस्था भए अनुरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई कानूनी अधिकार क्षेत्र तथा जिम्मेवारी निर्दिष्ट गरेको छ । लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा जारी गरिएका राष्ट्रिय नीति तथा कानूनहरु र अन्तराष्ट्रिय प्रतिवद्वताहरु स्थानीयकरण गर्नका लागि लैससास नीति आवश्यक छ। लैससास नीति जारी गर्नुको औचित्यता सम्बन्धमा निम्न बुँदाहरुले स्पष्ट पार्दछ ।

क) हानिकारक गलत सामाजिक अभ्यास, लैंगिक विभेद र सामाजिक असमानता, घरेलु तथा लैंगिक हिंसा, जातीय छुवाछुत जस्ता कुरीति र कुप्रथा अन्त्य गरी समान पहुँच र अवसर प्रदान गर्दै न्यायपूर्ण समाजको स्थापना गर्न,

ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्ने दिशामा गाउँपालिकाले गर्दै आएका सकारात्मक प्रयासलाई निरन्तरता दिदै लैससास उत्तरदायी बजेट तथा योजना र लैंससास मैत्री शासन प्रणालीलाई संस्थागत गर्न,

ग) निरोधात्मक तथा नियमनकारी उपायहरु अबलम्वन गरी लैंगिक मूलप्रवाहिकरण र सामाजिक समावेशीकरण सहितको समाज निर्माण तर्फ अग्रसर हुन सबै सरोकावालाहरुलाई अभिप्रेरीत गर्न,

घ) समन्वय र साझेदारी अवधारणा विकास गरी गाउँपालिका लगायत यस क्षेत्र भित्रका सबै सार्वजनिक निकाय, निजी क्षेत्र, गैरसरकारी संस्था एवं सामुदायिक संस्थाहरुलाई लैङ्गिक संवेदनशील योजना निर्माण तथा कार्यान्वयन र लैंगिक मैत्री व्यवहारको अबलम्वन गर्न,

## परिच्छेद २ लैससास मैत्री शासनप्रणालीका लागि मुख्य समस्या तथा चुनौती र अवसरहरु

### २.१. लैससास प्रणाली अबलम्वनका मुख्य समस्याहरु :

लुङ्ग्री गाउँपालिकाको विद्यमान सामाजिक संरचना, शैक्षिकस्तर, आर्थिक अवस्था र राजनैतीक तथा सामाजिक जागरण लगायतका विद्यमान अवस्थाहरुले गर्दा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सहज स्वीकार्यता र व्यवहारिक प्रयोजनमा केही समस्याहरु ल्याएको छ । जसलाई निम्न बुँदाहरुमा उल्लेख गरिएको छ ।

क) घर-परिवार लगायत समुदाय तहका सामाजिक अनौपचारिक संयन्त्रहरू देखि सार्वजनिक औपचारिक निकायहरुमा समेत लैंगिक विभेद, असमानता र सामाजिक वञ्चितीकरणको अवस्था विद्यमान रहनु।

ख) संघिय सरकारले तय गरेका लैससास सम्वन्धी नीति तथा कानूनहरुको स्थानीयकरण गरी कार्यान्वयन गर्न ढिलाई गरिनु ।

ग) गाउँपालिकाको वार्षिक योजना तथा कार्यक्रममा लैंगिक सवाल तथा सामाजिक समावेशीकरणका विषयहरुले प्राथमिकता नपाउनु ।

घ) गाउँपालिकाको खण्डिकृत तथ्याङ्कको अद्यावधिक तथा व्यवस्थापन नहुनु (लक्षितवर्ग, विपन्न, जोखिममा परेका, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क नहुनु,)

ङ) लक्षित वर्ग समुदायको अवस्था विश्लेषण र आवश्यकता पहिँचानको आधारमा वार्षिक योजना तथा कार्यक्रमहरु निर्माण नहुदा स्थानीय स्रोत, साधन र विकास प्रक्रियामा लक्षित वर्गहरुको पर्याप्त पहुँच नहुनु ।

च) स्थानीय स्तरमा सिमान्तकृत समुदायलाई मूलप्रवाहीकरण गर्नका लागि छुट्टै नीति तथा कार्यक्रमको व्यवस्था प्रभावकारी नहुनु ।

छ) लैंगिक उत्तरदायि योजना तथा बजेट निर्माण नहुनु र योजना कार्यान्वयनमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु ।

ज) लक्षित बर्ग समुदायको उत्थान, सशक्तिकरण र क्षमता विकासका कार्यक्रमहरु स्थानीय विकासको प्राथमिकता पर्न नसक्नु ।

### २.२. लैससास मैत्री प्रणाली अबलम्वनमा देखा परेका चुनौतीहरु :

क) हानिकारक सामाजिक मुल्य मान्यता, गलत सामाजिक अभ्यास, पितृसत्तात्मक सामाजिक सोच र विभेदपुर्ण लैङ्गिक भूमिकालाइ परिवर्तन गर्नु ।

ख) महिलाको नेतृत्व क्षमता विकास गरी निर्णायक भूमिकामा अग्रसरता बढाउन र नीति निर्माण तहको अग्रपंक्तिमा ल्याउन व्यवहारिक तथा नीतिगत व्यवस्था गर्नु ।

ग) निर्णायक भूमिकामा रहेका महिला नेतृत्वको समय सापेक्ष अपेक्षाकृत रुपमा निर्णायक क्षमताको अभिवृद्धि गर्नु ।

घ) समाजमा व्याप्त घरेलु हिंसा र लैङ्गिक हिंसाको अन्त्य गरी न्यायमा पहुँच बढाउन प्रतिबद्धता सहितको कार्ययोजना निर्माण र कार्यान्वयन प्रणालीको विकास गर्नु।

ङ) समाजमा विद्यमान हानीकारक गलत समाजिक अभ्यास, कुरीति, कुप्रथा, असमानता र विभेदहरु हटाउनु।

च) लैंगिक समानता र सामाजिक समावेशीकरणमैत्री नीति तथा योजना निर्माणका लागि लैंगिक संवेदनशील कार्यप्रणाली अवलम्बन गर्नु ।

छ) स्थानीय तहमा लैससास उत्तरदायी बजेट तथा योजना निर्माणलाइ प्राथमिकतामा ल्याउनु।

### २.३. लैससास मैत्री शासन प्रणाली अवलम्वनका अवसरहरु :

क) लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून तथा नीतिगत व्यवस्थाको स्थानीयकरण गर्न सकिने ।

ख) राज्य पुनर्सरचना अनुरुप स्थानीय सरकारले जनताको सबैभन्दा निकटतम रही स्वायत्त निकायको रुपमा कार्य गर्न कानूनी अधिकार सहित जिम्मेवारी पाउनु ।

ग) स्थानीय लक्षित वर्ग समुदायको उत्थान र विकासका लागि वार्षिक योजना तथा बजेट विनियोजन प्रति जनप्रतिनिधिहरुको चासो र क्रियाशिलता रहनु ।

घ) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा वञ्चितिकरणमा परेका व्यक्ति समुदायको उत्थान र सशक्तिकरणका लागि सकारात्मक प्रयासहरुको थालनी हुनु ।

ङ) लैससासको सवालहरु सम्बोधनका लागि स्थानीय तहमा क्रियाशिल विभिन्न संजालहरु र गैरसरकारी संस्थाहरुबाट निरन्तर बहस तथा पैरवी गर्नुका साथै स्थानीय सरकारसंग नियमित सहकार्य हुनु ।

च) लैससासको क्षेत्रमा सञ्चार जगत र अन्य सरोकारवालाहरुको चासो बढ्नु ।

छ) स्थानीय सरकारका प्रतिनिधीहरु जनतासंग प्रत्यक्ष सम्पर्कमा रहने हुदा आवश्यकतामा आधारित नीति तथा कानून निर्माण गर्न सहज हुने ।

## परिच्छेद ३ नीतिको दिर्घकालिन सोंच, लक्ष्य तथा उद्देश्यहरु

### ३.१. दिर्घकालिन सोंच :

लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सुनिश्चितता, लुङ्ग्री गाउँपालिकाको प्रतिबद्धता ।

### ३..२. लक्ष्य

सामाजिक न्यायमा आधारित समाज निर्माणका लागि समग्र विकास प्रक्रियामा लैंगिक समानता र सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गर्ने ।

### ३.३. उद्देश्यहरु :।

क) पितृसतात्मक सामाजिक सोंच, लैंगिक विभेद, सामाजिक असमानता, गलत सामाजिक अभ्यास, लैंगिक तथा घरेलु हिंसा, बाल हिंसा र बाल विबाह विरुद्ध निरोधात्मक अभियान तथा सामाजिक जागरण मार्फत न्यायमा पहुँच अभिवृद्धि गर्ने ।

ख) महिला, एकल महिला, दलित, अपांग, जेष्ठ नागरिक, बालबालिका लगायत पछाडि परेका वर्ग, समुदायलाई सशक्तिकरण माध्ययबाट पारिवारिक तथा स्थानीय स्रोतमा समानुपातिक पहुँच र समग्र विकास प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्ने ।

ग) सुशासननमा आधारित न्यायोचित वितरण प्रणाली र लैससास उत्तरदायी बजेट तथा योजना निर्माण कार्यलाई संस्थागत गर्ने ।

घ) स्थानीय महिला, जनजाति, दलित, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका र वञ्चितिकरणमा परेका व्यक्ति समुदायको नेतृत्व विकास क्षमता अभिवृद्धि गरी नीति निर्माण तथा निर्णायक तहमा लैंगिक तथा सामाजिक समावेशी पहुँच वृद्धि गर्ने ।

ङ) गाउँपालिका क्षेत्र भित्रका सबै सरकारी, नीजि तथा गैरसरकारी संघ संस्थाहरुको योजना निर्माण, कार्यान्वयन र विकास प्रक्रियालाई लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउन निरन्तर समन्वय र सहकार्य गर्ने ।

## परिच्छेद ४. प्रमुख नीति तथा रणनीति र कार्यनीतिहरु

### ४.१. प्रमुख नीतिहरु :

लुङ्ग्री गाउँपालिकाको लैससास नीतिले निर्दिष्ट गरे बमोजिम गाउँपालिकाको दिर्घकालिन योजना र उपलब्धीलाई संस्थागत गरी महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांग, जेष्ठनागरिक, दलित, विपन्न एंव वञ्चित वर्ग समुदायले सामाना गर्नु परेका विद्यमान समस्याहरु, लैंगिक विभेद र सामाजिक असमानतालाई प्रभावकारी ढंगले सम्वोधन गरिनेछ । लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सुनिश्चितता गर्ने परिकल्पनालाई साकार पार्न लुङ्ग्री गाउँपालिकाले लैससास सम्बन्धी प्रमुख नीतिहरु तय गरी लागु गरेको छ :

१) गाउँपालिकामा विद्यमान लैंगिक विभेद, बाल हिंसा, बाल बिवाह, सामाजिक असमानता, हानीकारक गलत सामाजिक अभ्यास तथा कुप्रथा र कुरीति विरुद्ध निरोधात्मक एवं नियमनकारी प्रावधान अबलम्वन गर्ने ।

२) समाजमा विद्यमान लैंगिक हिंसा, घरेलु हिंसा, बाल हिंसा र यौनजन्य दुर्व्यवहार विरुद्ध शुन्य सहनशिलता अवलम्वन गर्ने ।

३) लैंगिक समानता तथा सामाजिक समावेशी कार्यप्रणाली र लैससासमैत्री संयन्त्रको व्यवस्थापन गरी परिचालन गर्ने ।

४) विपन्न तथा आर्थिक रुपले पछाडी परेका व्यक्ति, समुदायको आर्थिक सशक्तिकरण गर्ने ।

५) नीति निर्माण तहमा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चितता सम्बन्धी नीतिगत व्यवस्था लागु गर्ने ।

### ४.२. लैससास सम्बन्धी प्रमुख रणनीति तथा कार्यनीतिहरु :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरणका लागि लैससासमैत्री संस्थागत संयन्त्रको विकास, लैंगिक संवेदनशिल शासन प्रणाली र कुशल सेवा प्रवाहको आवश्यकता पर्दछ । स्थानीय तहको विकास क्रममा लैंगिक तथा समावेशी सहभागितामूलक विकासको अभ्यास र सामाजिक वहसको प्रक्रियाबाट लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न नीतिगत व्यवस्था गरिएको छ । लैससास नीतिले निर्दिष्ट गरेका प्रमुख नीतिलाई पुर्ण रुपले अवलम्वन गर्न विभिन्न रणनीति तथा कार्यनीतिहरु तय गरिएको छ । प्रमुख नीतिमा आधारित रणनीति तथा कार्यनीतिहरु निम्न बमोजिम उल्लेख गरिएको छ ।

| रणनीति | कार्यनीति |
|---|---|
| **रणनीति** | कार्यनीति |
| १) गाउँपालिकामा विद्यमान लैंगिक विभेद, सामाजिक असमानता, बाल बिवाह, हानीकारक गलत सामाजिक अभ्यास तथा कुप्रथा र कुरीति विरुद्ध निरोधात्मक एवं नियमनकारी प्रावधान अबलम्वन गर्ने । | |

| | |
|---|---|
| रणनीति १.<br>गाउँपालिकाको विद्यमान नीति तथा कानूनहरुको समिक्षा गरी सुधारोन्मुख अभ्यासद्वारा लैंगिक तथा सामाजिक विभेदयुक्त संरचनागत अवरोधहरु हटाउने । | ▪ गाउँपालिकाको आवधिक एवं वार्षिक योजना, विद्यमान नीति, निर्देशिका र कार्यविधिहरुको अध्ययन तथा समिक्षा गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित हुनेगरी परिमार्जन र संशोधन गर्ने ।<br>▪ लैससास नीतिले निर्दिष्ट गरेका रणनीति र कार्यनीति कार्यान्वयन गर्न लैससास कार्यान्वयन कार्यविधि वा कार्यान्वयन निर्देशिका बनाई लागु गर्ने ।<br>▪ गाउँपालिकाको निर्णायक तहमा महिला, एकल महिला, दलित, जनजाती, अपांगता भएका व्यक्ति, अति विपन्न लगायत वञ्चित वर्ग, समुदायको प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता बढाउन क्षमता विकासका अवसरहरुमा सकारात्मक विभेदको नीतिलाई प्रभावकारी कार्यान्वयन गर्ने ।<br>▪ महिलाको घरायसी कार्यबोझ कम गरी उत्पादनशिल कार्यमा सहभागिता बढाउन परिवार तहमा प्रोत्साहन तथा प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने ।<br>▪ लैंगिक विभेद, हानीकारक सामाजिक मूल्य मान्यता र गलत सामाजिक अभ्यास, उमेर समूहका आधारमा गरिने विभेद, जातीय छुवाछुत, सामाजिक असमानता र बाल बिवाह विरुद्ध समुदाय तहमा जनचेतना मूलक अभियान संचालन गर्ने ।<br>▪ गाउँपालिकाले सबै वडा तहसम्म लैससास नीतिको प्रभावकारी कार्यान्वयन गर्न अभिमूखिकरण मार्फत स्पष्ट निर्देशन गर्ने ।<br>▪ गाउँपालिकामा कार्यरत सबै सरोकारवाला निकायलाई लैससास नीति सम्बन्धमा अभिमूखिकरण गरी कार्यान्वयन गर्न निर्देशन गर्ने ।<br>▪ नेपालको संविधान लगायत राष्ट्रिय र अन्तराष्ट्रिय कानूनद्वारा प्रदान गरिएको लैंगिक समानता र समावेशी प्रतिनिधित्वको अधिकार सुनिश्चित गर्न समुदाय तहमा क्षमता विकास र सचेतिकरणका अभियान संचालन गर्ने ।<br>▪ बैदेशिक रोजगारीमा जाने महिलाहरुलाई हुन सक्ने यौनजन्य हिंसा दुर्व्यवहार तथा अन्य जोखिमबाट बचाउन जनचेतना, पुनस्थापना र संरक्षण सम्बन्धी कार्यक्रम संचालन गर्ने । |
| २) समाजमा विद्यमान लैंगिक हिंसा, घरेलु हिंसा, बाल हिंसा र यौनजन्य दुर्व्यबहार विरुद्ध शून्य सहनशिलता अवलम्वन गर्ने । | |
| रणनीति २. | ▪ लैंगिक हिंसा, घरेलु हिंसा, बाल हिंसा लगायत सबै प्रकारका |

| | |
|---|---|
| लैंगिक विभेदमा आधारित हिंसा तथा दुर्व्यवहार विरुद्ध निरोधात्मक तथा संरक्षणकारी व्यवस्था अबलम्वन गरी न्यायमा पहूँच बढाउने । | विभेद विरुद्ध शून्य सहनशिलता अबलम्वन गर्न आचारसंहिता बनाई लागु गर्ने,<br>▪ गाउँपालिकाको सबै संयन्त्र र यस क्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघ संस्थाहरुमा गुनासो सुनूवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गर्ने ।<br>▪ हिंसा पिडित महिला, किशोरी तथा वालिकाहरुको संरक्षणका लागि मापदण्ड तयार गरी अल्पकालिन संरक्षणको व्यवस्था सुनिश्चित गर्ने ।<br>▪ लैंगिक हिंसा, घरेलु हिंसा, बाल हिंसा तथा यौनजन्य दुर्व्यवहार, जातीय विभेद वा छुवाछुत, र गतल सामाजिक अभ्यास तथा हानिकारक मुल्य मान्यता विरुद्ध व्यापक सचेतनामूलक अभियान संचालन गरी हिंसा वा दुर्व्यवहार विरुद्ध वकालत तथा प्रतिकारात्मक क्षमता अभिवृद्धि गर्ने ।<br>▪ गाउँपालिकामा कार्यरत कर्मचारीहरुको कार्य विवरणमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा संवेदनशिलता अपनाउनु पर्ने विषयहरु समावेश गर्ने ।<br>▪ गाउँपालिकामा कार्यरत महिला कर्मचारीहरुका लागि लैंगिक मैत्री कार्यस्थल तथा कार्य वातावरण निर्माण गर्ने ।<br>▪ गाउँपालिकाका कर्मचारीहरुलाई लैससास नीतिमा उल्लेखित प्रावधानहरुको बारेमा अभिमूखिकरण गराई लैससासमैत्री कार्यप्रणाली र कार्यव्यवहार अपनाउन सजक बनाउने ।<br>▪ सार्वजनिक स्थान तथा कार्यस्थालमा हुने यौनजन्य दुर्व्यवहार र हिंसा विरुद्ध कानूनी प्रावधान बारे व्यापक प्रचार प्रसार तथा समुदाय तहमा व्यापक जानकारी गराई न्यायमा पहूँच बढाउने ।<br>▪ लैंगिक विभेदमा आधारित हिंसा, जातीय विभेद तथा छुवाछुत, र सामाजिक असमानता विरुद्ध सामाजिक अभियानका लागि स्थानिय तहमा क्रियाशिल सबै सरोकारवाला निकायहरु वीच समन्वय र सहकार्य गर्ने ।<br>▪ प्राकृतिक विपद, महामारी तथा जोखिमबाट प्रत्यक्ष प्रभावित तथा पिडित महिला, बालबालिका र जेष्ठनागरिकहरुको संरक्षण तथा पुन स्थापना सम्बन्धमा कार्ययोजना बनाइ लागु गर्ने ।<br>▪ बैदेशिक श्रम बजारमा गई हिंसा र शोषणको जोखिममा परेका वा स्वदेशमै पनि घरेलु कामदार तथा विभिन्न सार्वजनिक निकायहरुमा कार्यरत कामदार महिला, किशोरी वा बालबालिकाहरु माथि हुने हिंसा, दुर्व्यवहार वा शोषणको |

| | |
|---|---|
| | जोखिमबाट उद्धार तथा  पुन स्थापनाका लागि मापदण्ड बनाई कार्यान्वयन गर्ने । |
| ३) लैंगिक समानता तथा सामाजिक समावेशी संवेदनशिल कार्यप्रणाली तथा लैससास उत्तरदायी संयन्त्रको व्यवस्थापन गरी परिचालन गर्ने । | |
| रणनीति ३<br>सुशासनमा आधारीत न्यायोचीत वितरण प्रणालीलाई संस्थागत गर्ने । | ▪ गाउँपालिको नियमित सेवा प्रवाहलाई लैससासमैत्री, अपांगमैत्री र बालमैत्री बनाउने ।<br>▪ गाउँपालिकामा लैससास इकाई/शाखा स्थापना गरी परिचालन गर्ने ।<br>▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा काम गर्न  लैससास सम्पर्क व्यक्ति नियुक्त गरी परिचालन गर्ने ।<br>▪ गाउँपालिका तथा वडा कार्यालय र गाउँपालिका क्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघ संस्थामा लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्थापन गर्ने र गर्न लगाउने  ।<br>▪ गाउँपालिका लगायत गाउँपालिका क्षेत्र भित्रका सबै सरकारी निकाय र संघ संस्थाहरुमा लैंगिकमैत्री, वालमैत्री तथा अपांगमैत्री संरचना निर्माण गर्न कार्ययोजना बनाई लागु गर्ने ।<br>▪ गाउँपालिका र यस क्षेत्र अन्तर्गतका  सरकारी, गैरसरकारी संस्था एवं निजिक्षेत्रबाट सञ्चालित योजना तथा कार्यक्रमको नियमित लैंगिक समानता तथा सामाजिक समावेशी परीक्षण (GESI Audit) गर्ने, गराउने ।<br>▪ गाउँपालिका लगायत यस क्षेत्र भित्र कार्यरत सेवाप्रदायक संस्थाहरुबाट संचालीत योजना तथा कार्यक्रमहरुको वार्षिक सार्वजनिक सुनूवाई र जनलेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गर्ने ।<br>▪ गाउँपालिकाको नियमित सार्वजनिक सुनूवाई कार्यक्रममा लक्षित व्यक्ति समुदायको सहभागिता सुनिश्चित गरी उनीहरुका लागि संचालित योजना तथा बजेटको बारेमा सार्वजनिक गर्ने ।<br>▪ लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री, जेष्ठ नागरिकमैत्री संरचना निर्माण र संवेदनशिल कार्य व्यवहारका लागि मापदण्ड बनाई कार्यान्वयन गर्ने गराउने ।<br>▪ स्थानीय स्रोत र सेवा सुविधामा लैंगिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चितताका लागि न्यायोचीत वितरण प्रणाली अबलम्वन गर्ने ।<br>▪ लैससास नीति कार्यान्वयनका लागि गाउँपालिका क्षेत्र अन्तर्गतका |

| | |
|---|---|
| | अन्य सेवाप्रदायक निकायहरु र स्थानिय जनता बीच पारस्परिक सम्बन्ध विस्तार गर्ने ।<br>▪ गाउँपालिकाका सबै वडाहरुका सामान्यतया ५० भन्दा बढी घरधुरी भएका समुदायमा महिला, वञ्चित तथा दलित वर्गको लैंगिक तथा समावेशी सहभागीता सुनिश्चित गर्दै टोल समिति गठन गरी परिचालन गर्ने ।<br>▪ गाउँपालिकामा महिला, बालबालिका अपांग, जेष्ठनागरिक, दलित लगायतका वञ्चित वर्गको प्रत्यक्ष पहुँच र क्षमता विकासका लागि उनीहरुको सञ्जाल निर्माण गरी परिचालन गर्ने । |
| ४) विपन्न तथा आर्थिक रुपले पछाडी परेका व्यक्ति, समुदायको आर्थिक सशक्तिकरण गर्ने । | |
| रणनीति ४.<br><br>उद्यमशिलता विकास मार्फत रोजगारका अवसरमा लैंगिक तथा समावेशी पहुँच सुनिश्चित गर्ने । | ▪ गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपांग, विपन्न लगायत वञ्चित समुदायलाई उद्यमशिलता क्षमता विकास मार्फत स्वरोजगारका अवसरमा पहुँच वृद्धि गरी जीविकोपार्जनमा सुधार गर्ने ।<br>▪ सबै वडामा महिला, दलित, अपांगता भएका व्यक्ति लगायत अन्य वञ्चित व्यक्तिलाई लक्षित गरी प्राविधिक जनशक्ति तयार गर्ने ।<br>▪ रोजगारीका अवसरमा लक्षित व्यक्ति समुदायको सहभागिता बढाउन सकारात्मक विभेदको नीति अवलम्वन गर्ने ।<br>▪ गाउँपालिका क्षेत्रमा रहेका आदिवासी जनजाति तथा दलित समुदायको जीविकोपार्जनमा सुधार ल्याउन परम्परागत पेशाको परिमार्जन तथा पुनःस्थापना र सुधार गर्ने ।<br>▪ विपन्न एबं वञ्चित समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक योजना तथा कार्यक्रम र बजेट सुनिश्चित गर्ने ।<br>▪ गाउँपालिकाको योजना तथा कार्यक्रम तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एवं विपन्न र वञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रम संचालन गर्ने । |
| ५) नीति निर्माण तहमा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चितता सम्बन्धी नीतिगत व्यवस्था लागु गर्ने । | |
| रणनीति ५<br><br>महिला, एकल महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति लगायत वञ्चित व्यक्ति समुदायको नेतृत्व क्षमता | ▪ गाउँपालिकाको नीति निर्माण तहमा लैंगिक तथा समावेशी सहभागिता वृद्धिका लागि नेतृत्व क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने ।<br>▪ गाउँपालिकामा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा वञ्चित समुदायका व्यक्तिको नेतृत्व विकास क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गर्ने, |

| | |
|---|---|
| अभिवृद्धि गरी निर्णायक तहमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने । | ▪ समुदाय तहका महिला, दलित, अपांग लगायत वञ्चित व्यक्ति समुदायलाई नेतृत्व क्षमता अभिवृद्धि गरी निर्णायक भूमिका बहन क्षमताको विकास र नेतृत्व तहमा पहुँच बढाउने ।<br>▪ गाउँपालिकामा सञ्चालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि गठित विभिन्न समिति तथा उपसमितिहरु र टोल समुहका कार्यकारी समितिहरुमा महिला, दलित तथा वञ्चित वर्गका व्यक्तिहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गराउने ।<br>▪ उपभोक्ता समितिको मुख्य निर्णायक पदहरु मध्ये कुनै एक पदमा अनिवार्य एक महिला रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गने, गराउने ।<br>▪ गाउँपालिका तहमा गठन भएका लक्षित वर्ग समुदायका सञ्जाललाई सहजीकरण मार्फत नेतृत्व क्षमता विकास गरी योजना तर्जुमा चरणमा सक्रिय सहभागिता वृद्धि गर्ने ।<br>▪ लक्षित वर्ग समुदायको सवाल पहिँचान गरी योजना माग गर्न सक्ने क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने । |

# परिच्छेद ५ लैससास नीति कार्यान्वयन पद्धती तथा अनुगमन प्रणाली

## ५.१. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन पद्धती

लैससास नीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री शासन पद्धती, सेवा प्रवाह र कार्यप्रणालीको विकास सम्भव छ । लैससास नीतिको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाको जनप्रतिनिधी, कार्यरत सबै कर्मचारीलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिमा उल्लेखित प्रावधान र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण गरी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । गाउँपालिकामा क्रियाशिल सबै सरकारी निकाय, गैरसरकारी संघसंस्था, विकास साझेदार निकाय, निजीक्षेत्र र स्थानीय समुदायलाई लैससास नीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित तथा निर्देशन गरिनेछ ।

गाउँपालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोत र लाभ प्राप्तीमा समानुपातिक पहुँच सुनिश्चित गर्न लैससास नीतिले मार्ग दर्शन गरेको छ । लैससास नीतिको प्रभावकारी कार्यान्वयन गर्न संस्थागत संयन्त्र निर्माण गरी व्यवस्थापनका लागि मानव स्रोतको क्षमता विकास गरिनेछ । त्यसैगरी गाउँपालिका क्षेत्रभित्र क्रियाशिल सबै निकायहरुहरुको लैससासको क्षेत्रमा गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला बीच नियमित समन्वय तथा साझेदारी र क्षमता विकास मार्फत अभिप्रेरित गरिनेछ ।

### ५.१.१. लैससास नीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन :

गाउँपालिका अन्तर्गतका भौतिक संरचना लगायत संस्थागत संयन्त्रहरुमा लैससास नीतिले निर्दिष्ट गरे बमोजिम सुधार गरी लैससासमैत्री बनाइनेछ । लैससास नीतिको कार्यान्वयन सम्बन्धी सीपको विकास गर्न क्षमता बिकास कार्यक्रलाई प्राथमिकता दिइनेछ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्र स्थापना र व्यवस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ ।

क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गर्ने ।

ख) लैससास नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशन, समन्वय र अनुगमन गर्न गाउँपालिका र वडा स्तरीय निर्देशन तथा अनुगमन समिति गठन गरी परिचालन गर्ने ।

ग) लैससास शाखा चलायमानका लागि लैंससास सम्पर्क व्यक्ति (GESI Focal Person) नियुक्त गरी निजको कार्यविवरण तोकी परिचालन गर्ने ।

घ) गाउँपालिकामा कार्यरत महिला कर्मचारी र गाउँपालिकामा सेवा लिन आउने महिला सेवाग्राहीलाई सहजताका लागि लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था गर्ने ।

ङ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सबै प्रकारका विभेद निवारणका लागि गुनासो सुनूवाई संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

च) न्यायिक समितिलाई थप क्रियाशिल बनाई लैंससासमैत्री न्याय सम्पादन प्रणालीको विकास गर्ने ।

छ) वडास्तरको सबै वस्तीहरुमा सबै वर्ग समुदायका मानिसहरुको समानुपातिक सहभागितामा टोलसमिति गठन गरी योजना तर्जुमा प्रक्रिया र सामुदायिक विकासका कार्यमा क्रियाशिल बनाउने ।

ज) गाउँपालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरु र लाभ वितरणमा महिला, एकल महिला, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, अपांगता भएका व्यक्तिहरु लगायत पछाडि पारिएका व्यक्ति, समुदायको पहुँच वृद्धिका लागि उनीहरुको सञ्जाल गठन गरी परिचालन गर्ने ।

झ) सूचना शाखाको प्रभावकारी व्यबस्थापन मार्फत खण्डिकृत विद्युतिय सूचना प्रणालीलाई व्यवस्थीत र क्रियाशिल बनाउने ।

ञ) गाउँपालिका लगायत सार्बजनिक निकायहरुमा लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री र जेष्ठनागरिकमैत्री संरचना निर्माण र सेवा प्रवाह सम्बन्धी निर्देशिका बनाई लागु गर्ने ।

ट) हिंसा पिडित तथा विभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाहरुको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, जेष्ठ नागरीकहरुको लागि दिवा सेवा केन्द्र र बालबालिकाहरुको लागि वैकल्पिक हेरचाहको व्यवस्था सुनिश्चित गर्ने ।

### ५.१.२. गाउँपालिका लगायत सरोकारवालाहरुको कार्यभूमिका निर्धारण

लैससास नीतिको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका लगायत यस क्षेत्रभित्रका सबै सरेकारवाला निकायले दायित्व वोध गर्नु जरुरी छ । लैससास नीतिले लुङ्ग्री गाउँपालिका लगायत यस

क्षेत्रभित्र क्रियाशिल विभिन्न निकाय वा सरोकारवालाले लैससासको क्षेत्रमा अवलम्वन गर्नुपर्ने कार्यभूमिकाहरु निर्धारण गरी जिम्मेवारी तोकेको छ । लैससास नीतिमा तोकिएको कार्यभूमिका प्रभावकारी कार्यान्वयन गर्न लैससास शाखाबाट नियमित समन्वय र सहकार्य गर्नुका साथै कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन समेत गरिने छ । लैससास नीतिमा निर्दिष्ट कार्यभूमिका निम्न बमोजिम उल्लेख गरिएको छ ।

| **जिममेवार निकायहरु** | **कार्यभूमिका** |
|---|---|
| लुङ्ग्री गाउँकार्यपालिका | ▪ गाउँपालिकाको समग्र विकास प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी मूलप्रवाहीकरण सुनिश्चितताका लागि नीति तथा कानूनहरुको समिक्षा र पुनरावलोकन गरी परिमार्जन गर्ने ।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुनहरु र अन्तराष्ट्रिय कानूनहरुको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड बनाई लागु गर्ने<br>▪ लैससास उत्तरदायी योजना तथा बजेट विनियोजन अनिवार्य गर्ने ।<br>▪ लैससास परिक्षण तथा अनुगमन प्रणालीलाई व्यवस्थित र नियमित गर्ने ।<br>▪ वडा तथा टोल-बस्तीबाट योजना तर्जुमा प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्न निर्देशन गर्ने ।<br>▪ गाउँपालिका र यस क्षेत्रमा परिचालित सबै निकायबाट उपलब्ध गराइने सेवा सुविधा र लाभ वितरणमा लैंगिक तथा सामाजिक समावेशी पहुँच वृद्धिका लागि स्पष्ट निर्देशन दिने ।<br>▪ लैंगिक समानता तथा सामाजिक समावेशी शाखा वा इकाई र लैंगिक अवधारणा सम्बन्धी क्षमता विकासका कार्यक्रम तय गरी संचालन गर्न जिम्मेवारी तोक्ने ।<br>▪ लैससास निर्देशन तथा अनुगमन समिति गठन गरी नियमित अनुगमन तथा सुपरिवेक्षण गरी लैससासमैत्री शासन पद्धती सुदृढ गर्न जिम्मेवारी तोक्ने ।<br>▪ लैससास शाखामा लैंससास सम्पर्क व्यक्ति नियुक्त गरी निजको कार्य भूमिका तोक्ने ।<br>▪ लैससासमैत्री संरचना निर्माणका लागि मापदण्ड बनाई कार्यान्वयन गर्न निर्देशन गर्ने ।<br>▪ लैससासमैत्री सेवा प्रवाहका लागि क्षमता विकासका कार्यक्रम संचालन |

| | |
|---|---|
| | गर्न सरोकारवाला बीच समन्वय तथा सहकार्य गर्ने ।<br>▪ लैंगिक विभेद, सामाजिक असमानता तथा गलत सामाजिक अभ्यास र हिंसा विरुद्ध शून्य सहनशिलता अवलम्बन गर्न र प्रतिकारात्मक क्षमता विकास गर्न जनचेतनामूलक अभियान संचालन सम्बन्धी योजना तथा बजेट विनियोजन गर्ने र कार्यान्वयन तहमा समन्वय र सहकार्य गर्ने ।<br>▪ लैंगिक हिंसा, घरेलु हिंसा पिडित महिला तथा किशोरीको संरक्षणका लागि अल्पकालीन सेवा केन्द्र, बिशेष हेरचाहको आबश्यकता भएका वालबालिकाका लागि वैकल्पिक हेरचाह केन्द्र र असाह्य वा विशेष संरक्षणको आबश्यकता भएका जेष्ठ नागरिकको संरक्षणका लागि दिवा सेवा केन्द्र वा आवासिय सेवा केन्द्र व्यबस्थापन गरी संरक्षण प्रदान गर्न कार्यायोजना बनाई लागु गर्ने ।<br>▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि भएका नीतिगत र कानूनी सुधारका उपयोगिता र प्रभाकारिता मूल्यांङ्कन गरी आबश्यकता अनुसार सुधार गर्ने । |
| वडा कार्यालय | ▪ गाउँपालिकाबाट जारी गरिएका नीति तथा कानून र निर्देशनको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने ।<br>▪ टोलबस्ती हुदै वडामा लैससास उत्तरदायी योजना तथा कार्यक्रम निर्माण प्रति संवेदनशीलता अपनाउने ।<br>▪ समुदाय तथा बस्ती तहको योजना तर्जुमा चरणमा महिला, दलित, जनजाती, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, अपांग, जेष्ठ नागरिक लगायत विपन्न र वञ्चित वर्ग, समुदायको सहभागिता सुनिश्चित गर्ने,<br>▪ सार्वजनिक स्रोत र लाभमा लैंगिक तथा समावेशी पहुँच सुनिश्चित हुने गरी न्यायोचीत बितरण प्रणाली अबलम्वन गर्ने ।<br>▪ योजना तथा कार्यक्रम कार्यान्वयन प्रणाली समावेशी र सहभागितामूलक बनाउन समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने ।<br>▪ वडा तथा समुदाय तहमा खण्डिकृत तथ्याङ्क संकलन र विश्लेषण गरी गाउँपालिकाको सूचना शाखामा अद्यावधिक गर्न सहयोग गर्ने ।<br>▪ लैंगिक विभेद, लैंगिक हिंसा, घरेलु हिंसा, बाल बिवाह, सामाजिक असमानता तथा गलत समाजिक अभ्यास विरुद्ध जनचेतनामूलक अभियानका लागि योजना तथा बजेट विनियोजन गरी कार्यान्वयन तहमा सरोकारवाला बीच समन्वय र सहकार्य गर्ने । |

| | |
|---|---|
| | ▪ लक्षित वर्ग, समुदायका सवाल पहिँचान गरी सम्बोधनका लागि योजना बनाई कार्यान्वयन गर्ने ।<br>▪ लैससासमैत्री सेवा प्रबाह र कार्यव्यबहार अबलम्वन गर्ने, गराउने । |
| लैंगिक समानता तथा सामाजिक समावेशीकरण शाखा | ▪ गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्रियाकलापको मूलप्रवाहीकरणका सम्बन्धमा नीति तथा कानूनहरु पुनरावलोकन गर्न गाउँ कार्यपालिकालाई प्राविधिक सहयोग प्रदान गर्ने ।<br>▪ विभिन्न विषयगत शाखा बीच समन्वय गरी गाउँपालिकाको खण्डीकृत तथ्याङ्क र विश्लेषण गरिएका सूचना अनुरुप नियमित योजना तथा कार्यक्रममा लैंगिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चित गर्न सहजीकरण तथा अभिप्रेरित गर्ने ।<br>▪ योजना, कार्यक्रम तथा बजेट लैससासमैत्री भए नभएको एकीन गर्न लैंङ्गिक र सामाजिक समावेशीकरणका सूचकहरु समावेश गरिएको खण्डीकृत ढाँचा तयार गरी अनुगमन तथा निर्देशन समितिलाई उपलब्ध गराउने ।<br>▪ गाउँपालिका सबै जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाको लैससास सम्बन्धी क्षमता विकास कार्यक्रमको योजना बनाई माग गर्ने ।<br>▪ लैंगिक सवेदनशिल कार्य प्रणाली, कार्य व्यवहार र सेवा प्रवाह अवलम्वन गर्न सहजीकरण गर्ने ।<br>▪ लैंगिक सम्पर्क व्यक्ति मार्फत शाखामा आएका लैंगिक तथा समावेशी सवाल सम्बन्धी गुनासा एबं उजुरीहरु सम्बोधनका लागि गाउँ कार्यपालिकासंग समन्वय गर्ने ।<br>▪ गाउँपालिकाको सूचना शाखासँग नियमित समन्वय गरी खण्डीकृत तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्न सहजीकरण एवं सहयोग गर्ने ।<br>▪ गाउँपालिकालाई लैंगिक हिंसामुक्त बनाउन र लैंगिक हिंसा, घरेलु हिंसा, तथा कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहार विरुद्ध शून्य सहनशिलता अवलम्बन गर्न आवश्यक कार्ययोजना निर्माण गरी लागु गर्न पहल तथा वकालत गर्ने ।<br>▪ लैससासको मूलप्रवाहीकरणका लागि उपयोगी विधि एवम् प्रक्रियाको पहिचान गर्न विकास साझेदारहरूसंग समन्वय गर्ने ।<br>▪ गाउँपालिकाको लैससास उत्तरदायी योजना तथा बजेट निर्माण र नियमित रूपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण |

| | |
|---|---|
| | कार्यलाई संस्थागत गर्न सहजीकरण गर्ने । <br>▪ गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम, बजेट बाँडफाँड तथा खर्चको लैससास दृष्टिकोणले लेखाजोखा गरी लाभ विश्लेषण गर्ने । <br>▪ महिला, बालबालिका, दलित, अपांग, जेष्ठ नागरिक आदिवासी जनजाति लगायतका समुदायहरुको विभिन्न सञ्जाल गठन गर्न कार्य योजना बनाई गाउँ कार्यपालिकामा जानकारी गराउने । <br>▪ लक्षित वर्ग समुदायको उत्थानका लागि गठन भएका सञ्जालको क्षमता विकास गरी योजना तर्जुमा लगायत विकास निर्माणका कार्यमा क्रियाशिल बनाउने । <br>▪ लैंगिक तथा घरेलु हिंसा पिडित महिला, किशोरी तथा बालिकाहरुको संरक्षणका लागि अल्पकालीन संरक्षण केन्द्रको व्यवस्थापन र परिचालन गर्न पहल तथा समन्वय गर्ने । <br>▪ विशेष हेरचाहको आवश्यकता भएका बालबालिका र जेष्ठ नागरिकको संरक्षणका लागि वैकल्पिक हेरचाहको व्यवस्था सुनिश्चित गर्न गाउँकार्यपालिकामा कार्ययोजना बनाई माग गर्ने । <br>▪ गाउँपालिकामा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीहरुका लागि स्तनपान कक्ष, लैंगिकमैत्री शौंचालय निर्माण, अपांगमैत्री र बालमैत्री संरचना निर्माणका लागि मापदण्ड बनाई लागु गर्न सहयोग तथा सहजीकरण गर्ने । |
| लैससास सम्पर्क व्यक्ति | ▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरण शाखाको मातहतमा रही तोकिए बमोजिम कार्य गर्ने, <br>▪ सरोकारवाला समुदाय तथा लक्षित समुहका गुनासोहरु सुन्ने र सम्बोधनका लागि सम्बन्धित शाखा र गाउँ कार्यपालिका समक्ष जानकारी गराउने । <br>▪ गाउँपालिकाकामा लैससास उत्तरदायी बजेट तथा योजना विनियोजन गर्न र योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न विषयगत शाखा, वडा तथा टोलबस्तीहरुसंग समन्वय एवं सहजीकरण गर्ने । <br>▪ कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सबै प्रकारका बिभेद र हिंसा विरुद्ध शून्य सहनशिलता अबलम्वन गर्न कानुनी प्राधान बारे सचेतनामूलक अभियान तथा क्षमता विकासका कार्यक्रम संचालन गर्न माग गर्ने । |

| | |
|---|---|
| | ▪ समुदायमा विद्यमान लैंगिक तथा घरेलु हिंसा, सामाजिक असमानता, हानीकारक सामाजिक मूल्य मान्यता र गलत सामाजिक अभ्यासहरु विरुद्ध अभियान र्काक्रम संचालन गर्न आवश्यक कार्यक्रम तथा बजेट विनियोजनका लागि टोलबस्ती तथा वडाहरु र गाउँपालिकामा समन्वय र सहजीकरण गर्ने ।<br>▪ गाउँपालिकमा कार्यरत सबै कर्मचारी र जनप्रतिनिधीलाई लैंससासमैत्री कार्य व्यवहार र सम्वेदनशिलता अभिवृद्धि गर्न लैससास अवधारण स्पष्ट पार्न तालिम तथा अभिमूखिकरण सम्बन्धी कार्यक्रमहरु माग गर्ने ।<br>▪ सूचना शाखासंग निकटतम सम्बन्ध एवं समन्वय बिस्तार गरी गाउँपालिकाको खण्डिकृत तथ्यांक संकलन, विश्लेषण र अद्यावधिक गर्न सहयोग गर्ने ।<br>▪ गाउँपालिकामा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीहरुका लागि स्तनपान कक्ष, लैंगिकमैत्री शौंचालय निर्माण, अपांगमैत्री र बालमैत्री संरचना निर्माणका लागि मापदण्ड बनाई लागु गर्न नियमित वकालत तथा पहल गर्ने ।<br>▪ गाउँपालिका अन्तर्गतका सबै कार्यस्थलमा सामान्यतः लैंससासमैत्री बोलीचालीको शब्द चयन वा भाषा वा शब्दहरुको प्रयोग र व्यवहार अबलम्वन गर्न सबै जनप्रतिनिधी तथा कर्मचारीहरुलाइ अभिप्रेरित गर्ने । |
| स्वास्थ्य शाखा | ▪ महिला, बालबालिका तथा पछाडी परेका व्यक्ति वा समुदाय र हिंसा पिडितका लागि लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा तथा सुविधा उपलब्ध भए नभएको अनुगमन गरी प्रभावकारी बनाउन आवश्यक निर्देशन गर्ने ।<br>▪ लैंगिक हिंसा पिडित तथा प्रभावितहरुको स्वास्थ्य सेवा प्रवाह कार्यमा संवेदनशिलता अपनाउन सहजीकरण तथा निर्देशन गर्ने ।<br>▪ हरेक वडामा अवस्थित स्वास्थ्य कार्यालयलाई लैससासमैत्री सेवा प्रवाहका लागि निर्देशन गर्ने ।<br>▪ गर्भजाँच र पुर्ण खोपलाई प्रभावकारी बनाउन नियमित अनुगमन तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।<br>▪ सबै वडामा सुरक्षीत प्रसुती गृह निर्माण र सुरक्षीत सुत्केरी सामाग्री र दक्ष मानव स्रोत व्यबस्थापन गर्न योजना बनाई गाउँपालिका समक्ष माग गर्ने ।<br>▪ घरमा सुत्केरी गराउने संख्या शून्यमा झार्न (Zero Home Delivery) संस्थागत व्यबस्थापन साथै आमा समूह र समुदाय तहमा जनचेतनामूलक अभियान संचालन गर्ने । |

| | |
|---|---|
| शिक्षा शाखा | ▪ अति विपन्न तथा विभिन्न जोखिमबाट पिडित वा प्रभावित र असाह्य बालबालिकाहरुको शिक्षामा सहज पहुँचका लागि आवश्यक शैक्षिक सामाग्री सहित बिद्यालय पोशाक र दिवा खाजाको व्यबस्थापन गरी नियमित विद्यालय आउने वातावरण सृजना गर्ने ।<br>▪ विद्यालयमा बालमैत्री वातावरणको सृजना गरी सबै बालबालिकाहरुलाई नियमित विद्यालय आउन आकर्षित गर्ने ।<br>▪ बालमैत्री शिक्षण सिकाई अबलम्वन गरी बालबालिकाहरुले विभेद र शोषण रहित वातावरणमा पठन पाठन गर्न पाउने वातावरण सृजना गर्ने ।<br>▪ बीचमा बिद्यालय छोड्ने प्रवृति हटाउनका लागि अति गरिब, असाह्य, संरक्षक विहिन बालबालिकालाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराउने ।<br>▪ विद्यालयका हरेक निर्णयमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने ।<br>▪ विद्यालयमा बालक र बालिकाहरुको लागि लैंगिकमैत्री शौचालय र बालमैत्री खानेपानी धारा तथा शौचालयको व्यवस्थापन गर्ने । |
| अन्य विषयगत शाखा | ▪ गाउँपालिकाको समग्र विकास प्रक्रिया र लाभ प्राप्तीमा गाउँपालिका क्षेत्र भित्रका महिला, बालबालिका, अपांग, दलित, जनजाती, जेष्ठनागरिक तथा वञ्चित समूह लगायत सबै समुदायहरुको पहूँच वद्धि गर्न लैंगिक समानता तथा सामाजिक समावेशी शाखा र लैंससास सम्पर्क व्यक्तिसंग दोहोरो सम्बन्ध तथा समन्वय कायम गर्ने ।<br>▪ विषयगत शाखाबाट गरिने योजना निर्माण, विकासका कार्य लगायत हरेक सेवा प्रवाहका विषयमा लक्षित वर्ग समुदायको सहभागिता र लाभ सुनिश्चितताका विषयमा संवेदनशील हुने । |
| स्थानीय प्रहरी कार्यालय | ▪ घरेलु हिंसा, लैंगिक हिंसा, बाल बिबाह र बाल हिंसा विरुद्धका अभियानमा नियमित समन्वय र सहकार्य गर्ने ।<br>▪ प्रहरीमा उजुरी आएका लैंगिक हिंसा, घरेलु हिंसा, बाल हिंसा वा दुर्व्यवहारको अनुसन्धान कार्य छिटो छरितो र चुस्त दुरुस्त गर्ने ।<br>▪ बाल बिवाह, लागु औषध दुर्व्यसनी विरुद्ध सचेतनामूलक अभियानमा सहभागि हुने ।<br>▪ अनुसन्धान प्रक्रियामा लैंगिकमैत्री तथा बालमैत्री व्यबहार अबलम्वन गर्ने<br>▪ पिडित वा प्रभावित महिला तथा बालबालिकाको गोपनियता कायम गर्न ध्यान दिने । |
| विकास साझेदारहरु | ▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा |

| | |
|---|---|
| | कार्यविधिको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक प्राविधिक सहयोग तथा सहजीकरण गर्ने ।<br>▪ महिला, दलित, अपांग जेष्ठ नागरीक, विपन्न लगायत पछाडी पारिएका व्यक्ति, समुदायहरुको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि गाउँपालिकासंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।<br>▪ विकास साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रममा लैंगिक समानता र सामाजिक समावेशीकरणका सवाल सम्बोधन हुने गरी कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।<br>▪ लैंगिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका विभेद वा सामाजिक असमानता विरुद्ध प्रतिकार र वकालत क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम तथा अभिमूखिकरण कार्यमा सहयोग गर्ने । |
| गैरसरकारी संस्थाहरु | ▪ गाउँपलिकाबाट जारी गरिएका लैससासमैत्री नीति तथा कानूनहरुको प्रभावकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।<br>▪ महिला, दलित, जनजाती, अति बिपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण सम्बन्धी कार्यक्रम संचालन गर्ने ।<br>▪ लैंससास उत्तरदायी तथा संवेदनशिल योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रणाली अवलम्बन गर्न सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।<br>▪ लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल हिंसा र बिभिन्न महामारी वा विपदबाट पिडित तथा प्रभावितहरुलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।<br>▪ गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवाल सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा गर्ने ।<br>▪ लैंगिक हिंसा, घरेलु हिंसा, बाल हिंसा, बाल बिवाह, सामाजिक विभेद र हानिकारक गलत सामाजिक मूल्य मान्यता र कुरीति विरुद्ध सकारात्मक परिवर्तन र सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । |
| गाउँपालिका क्षेत्रभित्र गठित विभिन्न लक्षित समुदायको सञ्जालहरु | ▪ लैंगिक विभेद, सामाजिक असमानता, तथा हानीकारक र विभेदकारी सामाजिक प्रचलन तथा गलत सामाजिक अभ्यासको विरुद्ध नियमित वकालत गर्ने र अभियान रुपि कार्यक्रमहरु माग गर्ने ।<br>▪ बाल बिवाह विरुद्ध अभियान संचालनका लागि कार्ययोजना बनाई लागु गर्न माग गर्ने र कार्यान्वयन तहमा सक्रिया सहभागिता जनाउने । |

| | |
|---|---|
| (महिला सञ्जाल, एकल महिला सञ्जाल, जेष्ठ नागरिक सञ्जाल, अपांग सञ्जाल, दलित सञ्जाल, बाल सञ्जाल लगायत पिछडिएका वर्ग तथा समूहहरूको सञ्जाल) | ▪ लक्षित वर्ग समुदायको खण्डिकृत तथ्यांक सहित उनीहरुका सवाल तथा समस्याहरु पहिचान गरी सम्बोधनका लागि वडा तथा गाउँपालिकालाई जानकारी गराई आवश्यकता अनुसार योजना तथा कार्यक्रमहरु र बजेट माग गर्ने ।<br>▪ स्थानीय स्रोत तथा प्रतिफलहरूको समानुपातिक पहुँच, न्यायिक वितरण र समावेशी सहभागिताको पक्षमा आवाज उठाउने ।<br>▪ समुदाय तहमा योजना तर्जुमाका क्रममा सक्रिय सहभागिता जनाई आर्थिक सामाजिक सशक्तिकरण र नेतृत्व तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु माग गर्ने ।<br>▪ लैंगिक हिंसा पिडित महिला, किशोरीकको लागि अल्पकालिन सेवा केन्द्र, विशेष हेरचाहको आवश्यकता भएका बालबालिकाको लागि बैकल्पिक हेरचाह केन्द्र र असाह्य एवं अपहेलीत जेष्ठनागरिकको संरक्षणका लागि दिवा सेवा केन्द्र वा आवासिय सेवाकेन्द्र स्थापना गरी सेवा प्रवाह गर्न माग गर्ने ।<br>▪ स्थानीय तहमा लैंगिकमैत्री, बालमैत्री तथा अपांगमैत्री संरचना निर्माणका लागि मापदण्ड बनाई लागु गर्न वकालत गर्ने । |
| निजी क्षेत्र (उद्योग बाणिज्य संघ, होटल व्यबसायी संघ, यातायात व्यबसायी संघ, विकास बैंक आदि) | ▪ निजीक्षेत्रबाट उपलब्ध गराउने वस्तु तथा सेवामा सबै जातजाती, लिंग र समुदायको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीमा समेत संस्थागत संयन्त्र बिस्तार गरी सेवा प्रवाह प्रभावकारी बनाउने,<br>▪ महिला, बिपन्न तथा वञ्चित समूहहरूको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।<br>▪ वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीबाट उत्पादित बस्तुको बजारीकरणका लागि वडा तथा गाउँपालिकासंग समन्वय र सहकार्य गर्ने ।<br>▪ महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन सहज रुपमा ऋणमा पहुँच तथा अभिमूखिकरण कार्य मार्फत प्रोत्साहान गर्ने ।<br>▪ लक्षित वर्ग समुदायको विकास र प्रोत्साहनका लागि निजी क्षेत्रको कूल नाफाको निश्चित प्रतिशत रकम सामाजिक विकास क्षेत्रमा विनियोजन गरी गाउँपालिकासंगको समन्वयमा कार्यान्वयन गर्ने । |
| समुदाय | ▪ गाउँपालिकाको योजना तथा कार्यक्रमहरूको तर्जूमा, कार्यान्वयन र अनुगमन चरणमा वडा एवं बस्तीस्तरका सबै समुदायहरु नजिकको |

| | |
|---|---|
| | साझेदारको रूपमा क्रियाशिल रहने ।<br>▪ आफ्नो बस्ती तथा वडा तहका परिवारको खण्डीकृत सूचना तथा तथ्यांक संकलन गरी वडा तथा गाउँपालिकामा जानकारी गराउने ।<br>▪ विकास कार्यबाट भएको प्रगतीको अभिलेख राख्ने र आवश्यकता अनुसार सम्बन्धित वडा र गाउँपालिकामा सम्बोधनका लागि माग पेश गर्ने ।<br>▪ सामुदायिक विकाससंग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जसको सवाल उसको नेतृत्व रहने गरी महिला, बालबालिका, अपांग, जेष्ठनागरिक लगायत विपन्न र पछाडी पारिएका व्यक्ति, समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्न वकालत तथा नियमित समन्वय र साझेदारी गर्ने ।<br>▪ सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापको नियमित निगरानी गरी लैंससासमैत्री, बालमैत्री, अपांगमैत्री तथा समावेशी बनाउन सम्बन्धित वडा तथा गाउँपालिकामा नियमित वकालत गर्ने ।<br>▪ महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने खालका हानीकारक सामाजिक मूल्य मान्यता र गलत सामाजिक अभ्यासका विरुद्ध नियमित वकालत गर्ने ।<br>▪ लक्षित व्यक्ति समुदायको सवाल सम्बोधनका लागि सञ्चालित अभियानरुपी कार्यक्रममा सक्रिय संलग्नता जनाउने ।<br>▪ विकास निर्माणका कार्यमा जनसहगिता अभिवृद्धि गर्न वडा तथा गाउँपालिकामा वकालत गर्ने । |

### ५.१.३. संस्थागत संयन्त्र, जनप्रतिनिधी तथा जनशक्तिको क्षमता विकास :

- लैससास शाखा र सम्पर्क व्यक्तिलाई नीति कार्यान्वयन तरीका तथा तोकिएको कार्यभूमिका बारे अभिमूखिकरण तथा सहजीकरण गरी व्यापक जानकारी गराउने ।
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ मा भएका कानुनी व्यवस्थाहरु बारे गाउँपालिकाका जनप्रतिनिधी लगायत कर्मचारीहरुमा अभिमूखिकरण गराई लैंगिकमैत्री कार्य व्यवहारका लागि प्रोत्साहित गर्ने ।
- लैंगिक हिंसा, घरेलु हिंसा, बाल विवाह विरुद्ध योजना निर्माण गरी लागु गर्न क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने ।

- गाउँपालिकाको सेवा प्रवाह र कार्यप्रणालीलाई लैससास मैत्री बनाउन महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धी, बेइजिङ कार्ययोजना, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२०, दिगो विकास लक्ष्य लगायतका विषयहरुमा तालिम तथा अभिमूखिकरण गरी व्यापक जानकारी गराउने ।
- लैससास शाखा लगायत विषयगत शाखा प्रमुख र जनप्रतिनिधीलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण बारे अभिमूखिकरण गरी नियमित लैससास परिक्षण गर्न सक्षम बनाउने ।
- गाउँपालिकाबाट गठन गरिएका लक्षित वर्गका सञ्जालका पदाधिकारीहरुको क्षमता तथा नेतृत्व विकास तालिम मार्फत गाउँपालिकाको समग्र विकास प्रक्रियामा क्रियाशील सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने ।
- लैंगिक विभेद, सामाजिक असमानता तथा हिंसा विरुद्ध जागरण फैलाई विभेद र हिंसा विरुद्ध प्रतिकार तथा वकालत क्षमता अभिवृद्धि गर्न समुदाय तहमा व्यापक जनचेतना तथा अभियानका कार्यक्रमहरु संचालन गर्ने ।
- विकासका हरेक क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्न स्थानिय तहमा कार्यरत कर्मचारी र जनप्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।
- लैससास उत्तरदायी बजेट तथा योजना निर्माण र कार्यान्वयनका लागि सम्बन्धित विषयगत शाखा र वडा प्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

### ५.१.४. सरोकारवाला विच समन्वय एवं साझेदारी :

गाउँपालिकाबाट जारी गरिएको लैससास नीतिमा तोकीए बमोजिमको कार्यभूमिका वा जिम्मेवारी कार्यान्वयनका लागि सबै निकायहरु वीचको समन्वय र साझेदारी अपरिहार्य ठानिएको छ । गाउँपालिकामा महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल सबै निकायहरुको योजना तथा कार्यक्रम र बजेट लैससास उत्तरदायी बनाउन र योजना तर्जुमा चरणमा समावेशी सहभागिता सुनिश्चित गर्न सबै सरोकारवाला वीच समन्वय र सहकार्यको अवधारणा सुनिश्चित गरिएको छ । गाउँपालिकाबाट लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा गाउँपालिका क्षेत्रभित्र कार्यरत सम्बन्धीत सरकारी निकाय, गैरसरकारी निकाय, विकास साझेदार, निजि क्षेत्र, महिला समूह तथा समुदाय र आम नागरिकवीच निरन्तर समन्वय र साझेदारी गरिनेछ । सबै सरोकावालाको कार्यभूमिका समेत तोकीएकोले सबै सरोकारवाला बीच समन्वय र सहकार्यमा लैससासमैत्री व्यबस्था अवलम्वन हुने अपेक्षा गरिएको छ ।

### ५.२. लैससास नीति कार्यान्वयनको अनुगमन प्रणाली :

लुङ्ग्री गाउँपालिकाको अनुगमन संयन्त्रलाई क्रियाशिल बनाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिले निर्दिष्ट गरेका रणनीति तथा कार्यनितिको कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी समय सापेक्ष सुधार गर्न आवश्यक छ । लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा

र कार्यान्वयनका बिषयमा नियमित अनुगमन गरी वार्षिक लेखाजोखा गरिनेछ । गाउँपालिका तथा यस क्षेत्रका सरोकारवालाबाट संचालित योजना तथा कार्यक्रमको नियमित अनुगमनको अधारमा वार्षिक समिक्षा गरी समितिबाट आएका सुझाब अनुरुप गाउँपालिकाको आगामी कार्यदिशा तय गरिने छ ।

गाउँपालिकाद्धारा जारी गरिएको लैससास नीतिको प्रभावकारी कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी सुधारका लागि आवश्यक निर्देशन गर्न देहाय बमोजिमका व्यक्ति वा निकायको प्रतिनिधित्व रहने गरी लैससास नीति अनुगमन तथा निर्देशन समिति गठन गरी राष्ट्रिय नीतिमा आधारित रही कार्यविवरण तोकीएको छ ।

**१) लैससास अनुगमन तथा निर्देशन समितिमा तपसिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

क) गाउँपालिकाका अध्यक्ष — संयोजक

ख) गाउँपीलकाका उपाध्यक्ष — सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत — सदस्य

घ) महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख — सदस्य

ङ) गाउँपालिकास्तरीय लक्षित समुदायको सञ्जाल मध्येबाट गाउँपालिकाले तोकेको कम्तीमा एक महिला अनिवार्य सहित ३ जना प्रतिनिधि — सदस्य

च) सामाजिक विकास शाखा प्रमुख — सदस्य सचिव

**२.) लैससास अनुगमन तथा निर्देश समितिको काम, कर्तव्य र अधिकार**

क) अनुगमन तथा निर्देशन समितिको बैठक वार्षिक रुपमा कम्तीमा २ पटक बस्नेछ ।

ख) बिभिन्न सरोकारवालाको सहभागितामा बार्षिक समिक्ष बैठक गरी अनुगमनबाट तयार गरिएको प्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनका लागि गाउँकार्यपालिकामा पेश गर्ने ।

ग) स्थानीय नीति, कानुन तथा योजनाहरुको नियमित अनुगमन तथा पुनरावलोकन गरी लैससासमैत्री बनाउन आवश्यक समन्वय तथा निर्देशन गर्ने ।

घ) लैंगिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति समुदायलाई लक्षित गरी नेतृत्व क्षमता विकासका नीति, योजना तथा कार्यक्रम तर्जुमा भए नभएको अनुगमन गरी लैससासमैत्री बनाउन आबश्यक सुझाव दिने ।

ङ) महिला, किशोरी तथा बालिकाहरुको सामाजिक तथा आर्थिक विकासका बाधकको रुपमा रहेका बिभेदयुक्त संरचनागत अवरोधहरु हटाउने खालका कार्यक्रमहरु संचालन गर्न पहल तथा समन्वय गर्ने ।

च) लैंगिक बिभेद, लैंगिक हिंसा र विभिन्न खाले शोषण र बिभेद वा दुरव्यवहारहरुको अन्त्य गर्न निरोधात्मक कार्यक्रमहरु संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

छ) लैंससास उत्तरदायी शासन पद्धती अवलम्वनका लागि जनप्रतिनिधि, कर्मचारी लगायत सरोकारवालालाई अभिप्रेरीत तथा निर्देशन गर्ने

ज) लैंगिक हिंसा, घरेलु हिंसा, लैंगिक बिभेद, यौनजन्य दुर्व्यवहार, शोषण लगायत विभिन्न जेखिममा रहेका महिला किशोरी र बालिकाहरुको संरक्षणका लागि राहात, पुनस्थापन र र वैकल्पिक हेरचाह सम्बन्धी कार्य योजना बनाई लागु गर्न निर्देशन गर्ने ।

झ) लैससास नीति कार्यान्वयन क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान सम्बन्धी सुझावहरु पेश गर्ने ।

३) **वडास्तरको लैससास अनुगमन तथा निर्देशन उपसमितिमा तपसिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

क) वडा अध्यक्ष — संयोजक

ख) वडा समितिबाट एक जना महिला सहित २ जना — सदस्य

घ) वडास्तरीय लक्षित समुदायको सञ्जाल मध्येबाट वडाले तोकेको कम्तीमा एक महिला सहित २ जना प्रतिनिधि — सदस्य

घ) वडास्तरीय बाल सञ्जालको अध्यक्ष — सदस्य

ङ) वडा सचिव — सदस्य सचिव

**४) वडास्तरीय अनुगमन तथा निर्देशन उपसमितिको काम, कर्तब्य र अधिकार**

क) वडातहका योजना तथा बजेट तर्जुमा प्रकृयामा विपन्न तथा वञ्चित वर्ग र महिलाहरुलाई सहभागी गराउन सरोकारवाला तथा नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ख) वडा तहको खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

ग) वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाइदाको समानुपातिक वितरणमा सुनिश्चितता गर्न नेतृत्वदायी भूमिका निभाउने,

३) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन अनुगमन गरी आवश्यक सुझाव दिने ।

ङ) वडा भित्रका महिला, बालबालिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने ।

च) वडास्तरमा लैससास सम्वन्धि कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन भए नभएको अनुगमन गरी लैससास उत्तरदायी बनाउन निर्देशन गर्ने ।

## परिच्छेद ६ लैससास नीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु :

लैससास सम्बन्धी सवाल अन्तर-सम्बन्धित बिषय भएको र कुनै एउटा मात्र निकायको पहलमा पुर्णत अवलम्वन गर्न नसकिने भएकोले लैंगिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गर्न स्थानीय सरकार लगायत सबै सरोकारवाला ब्यक्ति तथा निकायको निकटतम समन्वय र सहकार्यको आवश्यकता पर्दछ । लैससास नीतिले प्रत्याभुत गरेका प्रावधानहरु कार्यान्वयनका सन्दर्भमा समाजमा विद्यमान हानिकारक गलत सामाजिक अभ्यास तथा प्रचलन र पितृसत्तात्मक सोंचको कारण विभिन्न जोखिमहरु सामना गर्नुपर्ने अवस्था आउन सक्छ । लैससास नीतिमा रणनीति र कार्यनीतिको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने निम्न बमोजिमका सम्भाव्य जोखिम तथा चुनौतीको आधारमा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरु अवलम्वन गरिने छ ।

| क स | संभावित जोखिम | जोखिम न्यूनीकरणका उपायहरु | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीमा लैससास सम्वन्धी साझा बुझाई वा एकरुपता हुन नसक्नु । | ▪ सहभागितात्मक अभिमूखिकरण तथा सहजीकरणबाट लैससास अवधारणा बारे स्पष्ट पारी समान बुझाई बनाउने।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानून र अन्तराष्ट्रिय प्रावधानहरु बारे अभिमूखिकरण गर्ने । | |
| २ | सामाजिक विकासका कार्यक्रमले भौतीक विकासका कार्यक्रम जस्तो समाजमा तत्काल परिणाम देखाउन नसकिने हुदा लैससास विषय स्थानीय सरकारको प्राथमितामा पर्न नसक्नु । | ▪ सरकारद्वारा जारी गरिएका कानून तथा अन्तराष्ट्रिय प्रतिवद्वताहरु बारेमा जानकारी गराई लैससास विषयलाई प्राथमितामा राख्न नीतिगत व्यवस्था गर्ने ।<br>▪ जनप्रतिनिधी र कर्मचारीलाई लैससासको महत्व र अवधारणा बारे जानकारी गराई लैससास उत्तरदायी योजना तथा बजेट तर्जुमा प्रति संवेदनशील बनाउने ।<br>▪ नियमित अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने । | |
| ३ | लैससास नीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमता र दक्ष मानवस्रोतको कमी । | ▪ गाउँपालिकाबाट क्षमता विकासका कार्यक्रममा लगानीको वातावरण मिलाई दक्ष मानवस्रोतको उत्पादन तथा परिचालन गर्ने<br>▪ लैससास अवधारणा र कार्यान्वयन पद्धती बारे क्षमता बिकासका कार्यक्रम संचालन गरी लैससासमैत्री वातावरण सृजना गर्न पहल गर्ने । | |
| ४ | लैससास नीतिमा उल्लेखित प्रावधान | ▪ गाउँपालिकाको स्रोत परिचालनमा न्यायिक बितरण प्रणाली अवलम्बन गर्ने । | |

| | | | |
|---|---|---|---|
| | कार्यान्वयन गर्न स्रोत साधनको सीमितता । | ▪ वार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा सहजीकरण गर्ने ।<br>▪ लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि सम्बन्धित संघ संस्थाहरुसंग समन्वय र सहकार्य वृद्धि गर्ने । | |
| ५ | गाउँपालिका लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा प्रति संबेदनशिलताको अभाव । | ▪ लैससास उत्तरदायी योजना तथा बजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी सुझावहरु कार्यान्वयन गर्ने गराउने ।<br>▪ अनुगमन प्रणालीलाई नियमित र प्रभावकारी बनाउने । | |
| ६ | टोलबस्ती तथा वडास्तरबाट लैससाससँग सम्बन्धित योजना तथा कार्यक्रम छनौटले प्राथमिकता पाउन नसक्नु । | ▪ लक्षित वर्ग समुदायको अवस्था पहिँचान र विश्लेषणका आधारमा योजना छनौट गर्न सहजीकरण गर्ने ।<br>▪ योजना तर्जुमा प्रक्रियामा लक्षित वर्ग समुदायको अर्थपूर्ण सहभागिता वृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने । | |
| ७ | विपन्न तथा वन्चितीकरणमा परेका व्यक्ति, समुदायको जीविकोपार्जनमा सुधार हुन नसक्नु । | ▪ उद्यमशिलता विकास कार्यक्रम मार्फत लक्षित व्यक्ति, समुदायलाई आयआर्जनका कार्यमा संलग्न गराउने ।<br>▪ लक्षित व्यक्तिहरुलाई कृषि तथा पशुपालनमा आधारीत प्राविधिक सिप तथा तालिमको व्यवस्था गरी प्राविधिक जनशक्ति तयार गर्ने ।<br>▪ उत्पादन भएका प्राविधिक जनशक्तिको आर्थिक शसक्तिकरणका लागि रोजगारीका अवसर सृजना गर्ने । | |
| ८ | खण्डिकृत तथ्याङ्क तथा सूचनाहरुको आधारमा योजना र कार्यक्रम तयार हुन नसक्नु । | ▪ सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना तर्जुमा प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने ।<br>▪ खण्डिकृत सुचना तथा तथ्यांक विश्लेषणको आधारमा लक्षित व्यक्ति समुदायका लागि योजना छनौट गर्ने परीपाटीको विकास गर्ने । | |
| | स्थानीय स्रोत तथा | ▪ योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा | |

| | | | |
|---|---|---|---|
| | लाभ र अवसरमा लैंगिक तथा समावेशी पहुँच हुन सक्नु । | अनुगमन तथा निर्देशन प्रणालीलाई नियमित र प्रभावकारी बनाउने।<br>▪ स्थानीय स्रोतको न्यायोचित वितरण प्रणालीको विकास गर्ने। | |

## परिच्छेद ७ कानूनी व्यवस्था तथा पुनरावलोकन

### ७.१. कानूनी व्यवस्थाको पालना तथा कार्यान्वयन

लुङग्री गाउँपालिकाद्वारा जारी गरिएको लैससास नीतिको प्रभावकारी कार्यान्वयन र स्पष्ट कार्य निर्देशनका लागि लैससास नीति कार्यान्वयन कार्यविधि वा निर्देशिका निर्माण गरी लागु गरिनेछ । स्थानीय आवश्यकता अनुसार लैंगिक हिंसा तथा बाल बिवाह विरुद्ध कार्ययोजना वा निर्देशिका समेत निर्माण गरी लागु गरिनेछ । उक्त कार्यविधि तथा रणनीति वा कार्ययोजना निर्माण गर्दा नेपालको संविधानमा व्यवस्था गरिएको लैंगिक समानता, महिलाको हक, बालबालिकाको हक, स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भएको लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी प्रावधान र अन्तराष्ट्रिय महासन्धी, घोषणापत्रमा उल्लेखित प्रावधानलाई आधार मानिने छ ।

### ७.२.नीतिको पुनरावलोकन तथा सुधार

लुङ्ग्री गाउँपालिकाद्वारा जारी गरिएको लैससास नीति २०७८ को उपयोगीता र प्रभावकारीता सम्बन्धमा नियमित समिक्षा गरिनेछ । लैससास नीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको पक्षको नियमित अनुगमन तथा मूल्याङ्कनको आधारमा समिक्षा वा पुनरावलोकन गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गरिने छ ।